# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

पत्र संख्या :२०७६/०७७
चलानी न : ६५८

मितिः-२०७६।०६।२७

बिषयः- प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय, (१ देखि ९ सबै)
दक्षिणकाली नगरपालिका, काठमाण्डौ ।

प्रस्तुत विषयमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ३, हेटौंडा अन्तर्गतका विभिन्न निकायहरुबाट मिति २०७६/०६/०७ गते र २०७६/०६/०९ गते प्रकाशित कृषि, पशु तथा मत्स्यपालन सम्बन्धी विभिन्न ३ वटा सूचना अनुसार प्रदेश नं. ३ भित्रका, साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई प्रस्ताव पेश गर्न प्रस्ताव आव्हान गरिएको हुँदा यस नगरपालिकाका सम्बन्धित कृषि उद्यमीहरुलाई तोकिएको मिति भित्र प्रस्ताव पेश गर्न जानकारी गराई दिनु हुनका लागि सम्बन्धित सूचनाको प्रतिलिपी थान ३ यसै साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

...............
नुमामन्द दमोसे
अधिकृत सातौं

बोधार्थः-
श्री सूचना तथा प्रविधि शाखा, दक्षिणकाली नगरकार्यपालिकाको कार्यालय, काठमाण्डौः-वेबसाईटमा अपलोडका लागि ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं ३, हेटौडा, मकवानपुर

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव अह्वानको सूचना

सूचना नं ३/०७६/७७

प्रथम पटक प्रकाशित मिति २०७६/०६/०९

कृषि विकास निर्देशनालय , प्रदेश नं ३ , हेटौडाको आ. व. २०७६/७७ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रमहरु यस निर्देशनालय मार्फत कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रम संचालन कार्यविधिले तोकीए बमोजिमका शर्तहरु पालन गरि साझेदारी गर्न इच्छुक आबेदक वा प्रस्तावकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०७६/०७/०८ भित्र) यस कृषि विकास निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा कर्याबिधिहरुमा तोकीएको कागजातहरु संलग्न गरि प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ । थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५२०४६६, ०५७-५२११०४ मा सम्पर्क राख्नुहुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट www.molmac.p३.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरि बिस्तृत जानकारी लिन सक्नुहुनेछ ।

### तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | साझेदार संस्था | निर्देशनालयको अधिकतम साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम | लागु गरिने जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १ | निजि/ समूह/सहकारीको सहकार्यमा बढीमा ५०% अनुदानमा जैविक बिषादी विकास तथा विस्तार कार्यक्रम | संख्या | २ | समूह/सहकारी/निजि क्षेत्र | ५०% साझेदारी(बढीमा १ करोड) | जैविक बिषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ | काभ्रे(१), चितवन(१) |
| २ | समूह/ सहकारी/निजि क्षेत्र संगको सहकार्यमा कृषि पर्यटन प्रबर्धन कार्यक्रम | संख्या | १३ | समूह/सहकारी/निजि क्षेत्र | ५०% साझेदारीमा बढीमा ५० लाख | कृषि पर्यटन प्रबर्धन कार्यक्रम कार्यबिधि,२०७६ | प्रदेश भर |
| ३ | स्थानीय तह, सहकारी तथा निजि क्षेत्र संगको सहकार्यमा अभियानमुलक फलफुल बिरुवा वृक्षारोपण कार्यक्रम | संख्या | ५००००० | स्थानीय, तह/सहकारी/निजि क्षेत्र | कार्यविधि बमोजिम | अभियानमुखी फलफुल वृक्षारोपण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | प्रदेश भर |
| ४ | मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम | संख्या | ५० | उपभोक्ता समिति/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा ४० लाख ) | मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम संचालन कर्याविधि, २०७६ | प्रदेश भर |
| ५ | किवी बगैचामा थाक्रो व्यबस्थापनको लागि पोलमा अनुदान | संख्या | २५००० | समूह/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा १ हजार) | किवी बगानमा थाक्रा व्यबस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि | प्रदेश भर |
| ६ | निजि/ सहकरिसंगको सहकार्यमा ५० प्रतिशत अनुदानमा आधुनिक फलफुल नर्सरी विकास तथा विस्तार कार्यक्रम | संख्या | ८ | समूह/सहकारी/निजि क्षेत्र | ५०%(बढीमा ५० लाख) | आधुनिक फलफुल नर्सरी विकास तथा विस्तार कार्यक्रम कार्यबिधि,२०७६ | चितवन(२), मकवानपुर(१) काभ्रे(२), रामेछाप(२), धादिंग(१) |
| ७ | निजि/सहकारी/समूह संगको सहकार्यमा ५० प्रतिशत अनुदानमा बृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम | संख्या | २ | समूह/सहकारी/निजि क्षेत्र | ५०% (बढीमा १.७५ करोड) | बृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि,२०७६ | दोलखा शैलुंगमैलुंग गा. पा.(१), रामेछाप गोकुलगंगा गा. पा (१) |
| ८ | प्रांगारिक कौसिखेती कार्यक्रम | संख्या | २५०० | कार्यविधि अनुसार | ५०%(बढीमा गमलामा आधारित १०हजार, हाइड्रोपोनिक्समा बढीमा २५ हजार) | प्रांगारिक कौसिखेती प्रबर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | काठमाडौं उपत्यका (२०००),चितवन(५००) |
| ९ | निजि/सहकारी संगको सहकार्यमा ५० प्रतिशत अनुदानमा एकिकृत फलफुल प्रसोधन केन्द्र(किवी) विकास तथा विस्तार कार्यक्रम(काभ्रे, दोलखा, | संख्या | १ | निजि/सहकारी | ५०% (बढीमा १ करोड) | एकिकृत फलफुल प्रसोधन केन्द्र स्थापना कार्यक्रम संचालन कर्याबिधि,२०७६ | काभ्रे/रामेछाप/दोलखा/सिन्धुली |

प्रदेश सरकार

३ नं. प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा

# कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अन्तर्गत साझेदारको लागि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/६/९**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा अन्तर्गत कृषि विकास निर्देशनायको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण प्रवर्धन सम्बन्धी दोश्रो संशोधित कार्यविधि, २०७५/०७६ अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समय भित्र सम्वन्धित कृषि ज्ञान केन्द्रमा देहाय वमोजिमका कागजात सहित निवेदनसाथ प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । (साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने र उक्त यन्त्रहरुको सम्पूर्ण खरिद प्रकृया चैत्र मसान्त भित्र सम्ममा सम्पन्न गर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरूको विवरण**

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि
३. आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र
५. साझेदारको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि
६. गत आ.व. को कर चुक्ता प्रमाणपत्र
७. साझेदारको निर्णय प्रतिलिपि
८. साझेदारले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

**विस्तृत जानकारीको लागि सम्वन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास निर्देशनालयको फोन नं. ०५७-५२०४६६ वा कार्यविधिको लागि भू.व्य.कृ.तथा स.म.को वेवसाईट www.molmac.p3.gov बाट प्राप्त गर्न सक्नेछ ।**

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

## पशुपन्छी तथा मत्स्यपालन कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

सूचना नं. ३/०७६-०७७

प्रथमपटक प्रकाशित मिति: २०७६।०६।०७

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं ३, हेटौंडाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका कार्यक्रमहरू यस निर्देशनालयमार्फत कार्यान्वयनको लागि सम्बन्धित कार्यक्रम सञ्चालन कार्यविधिले तोकेबमोजिमका सर्तहरू पालन गरी साझेदारी गर्न इच्छुक आवेदक वा प्रस्तावकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७६ कार्तिक ६ गते) भित्र कार्यालय समयमा यस पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय वा सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा कार्यविधिहरूमा तोकेबमोजिमको कागजातहरू संलग्न गरी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । थप जानकारीका लागि यस निर्देशनालयको फोन नं. ०५७-५२४३१९ र ०५७-५२४२५४ मा सम्पर्क राख्न हुन र यस निर्देशनालयको वेबसाइट http://dolfd.p3.gov.np र मन्त्रालयको वेबसाइट http://molmac.p3.gov.np बाट सम्बन्धित कार्यक्रम सञ्चालनको लागि तोकिएको कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सक्नुहुनेछ ।

### तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | एकाई | परिमाण | साझेदार संस्था | निर्देशनालयको अधिकतम साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम | लागू गरिने जिल्ला |
|---|---|---|---|---|---|---|---|
| १. | बाँदर व्यवस्थापन विशेष कार्यक्रम | सङ्ख्या | २ | सरोकारवाला सङ्घसंस्थाहरू | १००% साझेदारी (४० लाख) | बाँदर व्यवस्थापन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | काठमाडौं, सिन्धुपाल्चोक र चितवन |
| २. | पाडापाडी पालन कार्यक्रम | सङ्ख्या | ३ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा १० लाख) | पाडापाडी पालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | चितवन, मकवानपुर, सिन्धुपाल्चोक |
| ३. | साझेदारीमा सामूहिक गाईपालन कार्यक्रम | सङ्ख्या | १ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा २० लाख) | साझेदारीमा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | दोलखा |
| ४. | साझेदारीमा पशु आहारा उद्योग स्थापना | सङ्ख्या | २ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा १ करोड) | साझेदारीमा पशु आहारा उद्योग स्थापना कार्यविधि, २०७६ | चितवन, काभ्रेपलान्चोक |
| ५. | एकीकृत रेन्बो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम | सङ्ख्या | १६ | सहकारी/निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा ५० लाख) | एकीकृत रेन्बो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | रसुवा, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, ललितपुर, मकवानपुर, काभ्रेपलाञ्चोक |
| ६. | साझेदारीमा बंगुरपालन विकास तथा विस्तार कार्यक्रम | सङ्ख्या | ३ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा १० लाख) | साझेदारीमा पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | चितवन, मकवानपुर, सिन्धुली |
| ७. | साझेदारीमा चौंरी स्रोत केन्द्र विकास कार्यक्रम | सङ्ख्या | १ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा ५० लाख) | साझेदारीमा चौंरी प्रजनन तथा स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका |
| ८. | साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम | सङ्ख्या | ६ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा ५० लाख) | साझेदारीमा बृहत्तर बाख्रा अनुसन्धान, विस्तार तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | मकवानपुरको इन्द्रसरोवर र भिमफेदी गा.पा., चितवनको राप्ति न.पा., रामेछापको ल्हाडँदेवी गा.पा, सिन्धुपाल्चोकको पाँचपोखरी गा.पा. धादिङ जिल्लाको बेनीघाट रोराङ गा.पा. |
| ९. | कृषि पर्यटन प्रवर्धनको लागि नमुना कालिज/स्थानीय कुखुरालगायतका अन्य पशुपन्छीपालन कार्यक्रम | सङ्ख्या | १० | कृषक समूह/ सहकारी/निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा २५ लाख) | कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/स्थानीय कुखुरा/टर्की/ अष्ट्रिच/हाँसलगायत अन्य पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | प्रदेश ३ का सबै जिल्ला |
| १०. | साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम | हेक्टर | १४० | कृषक समूह/ सहकारी/निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा ५ लाख प्रति हेक्टर) | साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | चितवन, मकवानपुर, सिन्धुली, रामेछाप |
| ११. | माछा दाना उद्योग प्रवर्द्धन सहयोग | सङ्ख्या | ३ | कृषक समूह/ सहकारी/ निजीक्षेत्र | ५०% साझेदारीमा (बढिमा ३५ लाख) | साझेदारीमा माछा दाना उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ | प्रदेश ३ का सबै जिल्ला |